# नेपाल राष्ट्र बैंक
## वित्त व्यवस्थापन विभाग
वालुवाटार, काठमाडौं

**ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापक समूहको शेयर बिक्री गर्ने बारेको सूचना**

आवेदन पेश गर्ने शुरु मिति : २०७६/०५/३१
आवेदन पेश गर्ने अन्तिम मिति : २०७६/०७/०४

नेपाल राष्ट्र बैंकको लगानी रहेको ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापक समूहको प्रति शेयर रु.१००।- अंकित दरको जम्मा २,९९,९८२ कित्ता शेयर यस बैंकले लिलाम बढाबढको माध्यमद्वारा बिक्री गर्ने भएको हुँदा उक्त शेयरहरु खरिद गर्न इच्छुक **संस्थापक शेयरधनीहरुले मिति २०७६ कात्तिक ४** गते भित्र **नेपाल राष्ट्र बैंक, वित्त व्यवस्थापन विभाग, बालुवाटार, काठमाडौं**मा आइपुग्ने गरी प्रतिकित्ता के कति दररेटमा खरिद गर्न कबुल गर्ने हो तपसिलमा उल्लेखित शर्तहरुको अधीनमा रही गोप्य शिलबन्दी आवेदन पेश गर्न आह्वान गरिन्छ ।

शर्तहरु :

१. शेयर खरिदकर्ता ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको **विद्यमान संस्थापक शेयरधनी हुनु पर्नेछ ।**

२. आवेदन फाराम यस बैंकको बैंकिङ कार्यालय, बालुवाटारमा ना.नो.आ.ही.फुटकर आम्दानी शीर्षक (११०००००/०३०-०१२-५२४) मा रु.५००।- (फिर्ता नहुने गरी) जम्मा गरेको भौचर पेश गरी यस बैंकको वित्त व्यवस्थापन विभागबाट प्राप्त गर्न सकिने छ ।

३. आवेदन फाराममा आफूले लिन चाहेको शेयर कित्ताको दररेट अंक र अक्षरमा स्पष्टसँग उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा लेखेको रकम फरक भएमा अक्षरमा लेखेको रकमलाई मान्यता दिइनेछ । केरमेट भएको स्थानमा दस्तखत गर्नु पर्नेछ ।

४. शेयर खरिदको लागि आवेदन गर्दा अधिकतम सम्पूर्ण कित्तासम्म आवेदन दिन सकिनेछ । शेयर खरिद गर्न आवेदन गरेको कुल शेयर कित्ता जोड्दा यस बैंकले एउटा व्यक्ति, एकाघर परिवारका सदस्य वा संस्थाले खरिद गर्न वा राख्न पाउने भनी तोकेको अधिकतम संख्या सीमा भन्दा बढी नहुने गरी आवेदन पेश गर्नु पर्नेछ । दशमलवमा (खण्डित रुपमा) आउने गरी आवेदन गर्न पाइने छैन । एक प्रस्तावकले एकभन्दा बढी बोलपत्र पेश गरेको अवस्थामा पहिलो प्रस्तावलाई मान्यता दिइनेछ ।

५. शेयरको न्यूनतम मूल्य प्रतिशेयर रु.१२५।- (अक्षरेपी एक सय पच्चीस मात्र) तोकिएको हुँदा सो वा सोभन्दा बढी मूल्य अंकित गरी आवेदन दिनु पर्नेछ ।

६. शिलबन्दी खाम बाहिर **"ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापक शेयर खरिद आवेदन"** उल्लेख भएको हुनु पर्नेछ ।

७. खरिदकर्ताले आफूले खरिद गर्न चाहेको शेयरको धरौटी वापत प्रस्तावित कुल मूल्यको ५ देखि १० प्रतिशत सम्मको रकम यस बैंकको बैंकिङ कार्यालय, बालुवाटार, काठमाडौं मार्फत वित्त व्यवस्थापन विभागको स.क्रे.हि.पार्टी, खाता नं.११०९९०१/०११-००६-५२४ मा जम्मा गरी सोको भौचर संलग्न गरी आवेदन पेश गर्नु पर्नेछ ।

८. शेयर खरिदको लागि छनौट हुने आवेदकले प्रस्तावित कुल रकम मध्ये धरौटी बापत जम्मा गरेको रकम घटाई बाँकी रकम छनौटको सूचना प्रकाशित भएको मितिले सात दिन भित्र यस बैंकको बैंकिङ कार्यालय, बालुवाटार, काठमाडौंमा रहेको स.क्रे.हि.खाता नं.११०९९०१/०११-००६-५२४ मा जम्मा गरी सोको भौचर वित्त व्यवस्थापन विभागमा पेश गर्नु पर्नेछ । साथै, शेयर नामसारी गर्दा खरिदकर्ताको तर्फबाट भुक्तानी गर्नुपर्ने शुल्क समेत स्वयं खरिदकर्ताले भुक्तानी गर्नु पर्नेछ ।

९. सबैभन्दा बढी दर रेटमा खरिद गर्न प्रस्ताव पेश गर्ने आवेदकलाई शेयर बिक्री गरिनेछ । यसबाट पनि शेयर बाँकी रहेमा त्यस पछिको बढी दर रेटमा खरिद गर्न प्रस्ताव पेश गर्ने आवेदकलाई बिक्री गरिनेछ । बोलकबोल शेयर बिक्री गर्दै जाँदा अन्तिम मूल्यमा दुई वा दुई भन्दा बढी आवेदकहरु पर्न गएमा बोलकबोलबाट बाँकी भएको शेयरहरु माग भएको शेयर संख्याको सापेक्षिक भार अनुसार दामासाहीले बाँडफाँड गरिनेछ ।

१०. इच्छुक लगानीकर्ताहरुले आवेदनमा हितग्राही खाता नं.र बैंक खाता नं.अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।

११. कुनै शर्त राखी पेश गरेको आवेदनलाई मान्यता दिइने छैन । म्याद नाघी आएको वा रित नपुगेको आवेदन उपर पनि कुनै कारवाही गरिने छैन ।

१२. शेयर खरिद गर्न इच्छुक खरिदकर्ताले नागरिकताको प्रतिलिपि, कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा समावेश नभएको प्रमाणित हुने कागजात, आयश्रोत खुल्ने कागजातको प्रतिलिपि, पछिल्लो आ.व.को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गर्नु पर्नेछ ।

१३. आवेदक संगठित संघ/संस्था/कम्पनी भएमा दर्ता प्रमाणपत्र, कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचिमा समावेश नभएको प्रमाणित हुने कागजात, आयश्रोत खुल्ने कागजातको प्रतिलिपि, पछिल्लो आ.व.को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि तथा शेयर खरिद गर्ने सम्बन्धमा सो संस्थाको संचालक समितिको निर्णयको प्रतिलिपि समेत पेश गर्नु पर्नेछ ।

१४. आवेदन मिति २०७६/०७/०४ गते दिउसो ४:०० बजे भित्र नेपाल राष्ट्र बैंक, वित्त व्यवस्थापन विभाग, बालुवाटार, काठमाडौंमा दर्ता भईसक्नु पर्नेछ ।

१५. प्राप्त आवेदनहरु मिति २०७६/०७/०६ गते विहान ११:०० बजे नेपाल राष्ट्र बैंक, वित्त व्यवस्थापन विभाग, बालुवाटार, काठमाडौंमा खोलिने छ । उक्त दिन बिदा परेमा भोलीपल्ट वा कार्यालय खुलेको दिनको विहान ११:०० बजे खोलिनेछ ।

१६. बोलपत्र पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको मिति पश्चात् ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेडबाट घोषणा हुने बोनश शेयर तथा लाभांश प्रस्तावित खरिदकर्ताहरुले प्राप्त गर्नेछन् ।

१७. प्राप्त बोलपत्रहरु कुनै कारण खुलाई वा नखुलाई पूर्ण वा आंशिकरुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ ।

१८. शेयर खरिद बिक्रीको अन्य प्रक्रिया प्रचलित कानूनको अधीनमा रही सम्पन्न गरिने छ ।

१९. यस सम्बन्धमा थप जानकारी आवश्यक परेमा नेपाल राष्ट्र बैंक, वित्त व्यवस्थापन विभाग, बालुवाटार काठमाडौंको फोन नं.०१-४४१९८०७, ४४१०२०१, ४४४३८८५ एक्सटेन्सन नं.२५४ (वित्तीय प्रतिवेदन, बजेट तथा नीति फाँट) मा कार्यालय समयभित्र सम्पर्क गर्न सकिने छ ।

कार्यकारी निर्देशक